# सूचना

१. १० लाखभन्दा बढीको आर्थिक कारोवार भई शेयर लगत कायम गर्दा शेयर लगतको लागि कारोवार खुलेको अनिवार्य बैंक स्टेटमेण्ट र अडिटरको चुक्ता प्रमाण पेश गर्नुपर्ने ।

२. १० लाख रुपैयाँभन्दा बढीको शेयर खरिद बिक्री सम्बन्धमा खरिदकर्ताले बिक्रीकर्ताको खातामा रकम जम्मा गरेको बैंक स्टेटमेण्टबाट देखिनुपर्ने ।

३. स्टेटमेण्टमा बैकको आधिकारिक छाप र सही अनिवार्य हुनुपर्ने ।

४. १० लाख रुपैयाभन्दा कमको आर्थिक कारोवार भई कायम भएको शेयर लगत अभिलेख गर्नुपर्दा अडिटर चुक्ता प्रमाण वा बैंकिङ प्रणालीबाट कारोबार भएको कागज प्रमाण वा दुवै माग गर्न सकिने।

५. लेखापरीक्षकको नियुक्ति गर्दा लेखापरीक्षकको लाइसेन्स नवीकरण र करचुक्ता प्रमाण पत्र अनिवार्य पेश गर्नुपर्ने ।

६. कम्पनीको Username Password लिंदा सञ्चालकको नाममा किर्ते सही गरी कागजात पेश हुने गरेको र यसरी लिएका Username Password बाट कार्यालयमा पेश गर्नुपर्ने खरिदबिक्री लगायतका कागजातहरु पनि कीर्ते गरी पेश हुन सक्ने देखिंदा सो को नियन्त्रण एवं व्यवस्थित गर्न कम्पनी सञ्चालकहरुको निर्णयबाट आवश्यक कागजातका साथ अख्तियार प्राप्त सञ्चालकलाई मन्त्रालयको ०७५/०३/२७ को पत्र अनुसार यस कार्यालयमा सनाखत गराई Username Password दिने । अन्यथा देखिएमा सो अनुसार गर्न सम्बन्धितलाई जानकारी गराउने ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाडौं

भुवनहरि अर्याल
रजिष्ट्रार